प्रकाशकः
ध्रुव कुमार महर्जन
वाकुननी. कीर्तिपुर

# बुद्ध धर्मको मूल सार



संकलक
भिक्षु सुजनकीर्ति

Downloaded from http://www.dhamma.digital

कृति : बुद्ध धर्मको मूल सार

प्रकाशक : ध्रुव कुमार महर्जन
बाकुनन्नी, कीर्तिपुर
फोन नं. ४३३३१०५

संकलन : भिक्षु सुजनकीर्ति

प्रकाशन : बुद्ध सम्वत् २५४८
नेपाल संवत् ११२४

संस्करण : प्रथम २००० प्रति

कम्प्यूटर : के.एम. कम्प्यूटर सेक्रेटरीयल सर्भिस
कृष्ण गोपाल महर्जन
हनुमानघाट, नयाँबजार

मूल्य : १५/-

मुद्रक : नम्रता प्रिन्टर्स
ओमबहाल, काठमाडौं
फोन नं. ४२५३८५६

## प्रशंसनीय प्रयास

सुत्त, गेय, व्याकरण, गाथा, उदान, जातक, वेदल्ल, इतिवुत्तक, अद्भुत धर्म यी नौ बुद्ध धर्मका अंगहरु हुन् । गौतम बुद्धले आफ्नो जीवनकालमा जे जति धर्म (उहाँले देखाउनु भएको उद्देश्य, सो उद्देश्य प्राप्त गर्नका लागि अपनाउनु पर्ने नीति, आइपर्ने बाधा व्यवधानहरु र ती बाधा हटाउने उपाय) को उपदेश दिनु भएका थिए, ती सबैलाई संग्रह गरी मात्रा निर्धारण गर्दा ८२,००० धर्म स्कन्धको रुपमा सकार गरिएका थिए । त्यसमा बुद्धका आर्य श्रावकहरुद्वारा व्यक्त गरिएका २००० धर्म स्कन्धलाई पनि समावेश गरी ८४,००० धर्म स्कन्धलाई बुद्ध धर्मको पूर्ण अंग मान्दै आएका छन् । यस भित्रका सबैलाई सूत्र, विनय र अभिधम्मको तीन विभागमा विभक्त गरिएका छन् । त्यसमा पनि पुग्गलाधिस्थानको रुपमा दिनु भएका २१,००० धर्म स्कन्ध सूत्र पिटकमा, धर्माधिस्थानको रुपमा दिनु भएका ४२,००० धर्म स्कन्ध अभिधर्म पिटकमा र पञ्ञाति धर्मको रुपमा दिनु भएका २१,००० धर्म स्कन्ध विनय पिटकमा संग्रह गरिएका छन् भनी यस पुस्तिकाले बताउँदछ ।

बुद्ध धर्म जसलाई बुद्ध शासन पनि भनिन्छ, यसका तीन विशेषता परियत्ति (सिद्धान्तको अध्ययन), पतिपत्ति (अध्ययन गरिएका सिद्धान्तलाई व्यवहारमा प्रयोग गरी हेर्नु) र (सिद्धान्तलाई व्यवहारमा प्रगोग गरी हेर्दा आफुद्वारा अनुभव गरिएको प्रतिफल) पतिवेध हुन् । सुत्त पिटक अन्तर्गत उपदेशको रुपमा दिइएका साना-ठूला सुत्रहरु, भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरुले पालना गर्नुपर्ने नियम विनय पिटक भित्र पर्छन् । चित्त, चेतनाका विविध पक्ष थाहा दिने अभिधम्म हो । यी तीन सुत्त, विनय र अभिधम्म सन्तुलित जीवन बिताउने कलासँग सम्वन्धित शील, मानसिक एकाग्रताको अवस्थामा पुग्नका लागि गरिने अभ्यास समाधि र ठीक-बेठीक छुट्याई उद्देश्य अनुकूल आचरण तर्फ लाग्न सक्ने ज्ञान प्रज्ञा वृद्धिका लागि हुन् ।

Downloaded from http://www.dhamma.digital

वुद्धको धर्मले देखाइएको उद्देश्य निर्वाणको अवस्थामा पुग्न वुझ्नै पर्ने पटिच्च समुप्पाद अर्थात् कार्य-कारणसँग सम्वन्धित नियम हो । यसले अतीत, वर्तमान र भविप्य अविच्छिन्न रुपमा गतिशील भैरहेको तथ्यलाई वुझाउँदछ । अतीतकालमा अज्ञानतावश हुन गएको त्रुटिको फलस्वरुप संस्कारको रुपमा देखा पर्ने हेतुले गर्दा वर्तमान जीवनमा अपनाउनु पर्ने सुरक्षाका उपाय सम्वन्धी चेतना दृष्टिगत पूर्वाग्रह (उपादान) मा अल्झन पुग्दा पुनः जंजालमा फँस्न पुग्ने हो भन्ने सन्देश पटिच्च समुप्पादले दिन्छ, यस पुस्तिकामा चार्ट वनाइ देखाइएको छ ।

सिद्धार्थ कुमारले वुद्धत्व प्राप्ति पश्चात् सर्व प्रथम वाराणसीको ऋषिपतन-मृगदावनमा पांच भद्र पुरुप (वप्प, भद्दिय, महानाम, अस्सजि र कौण्डन्य) हरुलाइं दिनुभएको उपदेश चार आर्य सत्य नै वुद्ध धर्मको मूल सन्देश हो । यस मार्फत उहाँले दुःख, दुःख हुनुको कारण, दुःखवाट मुक्ति र दुःख मुक्तिका लागि गर्नुपर्ने उपाय सम्वन्धमा प्रकाश पार्नु भएको थियो । सवै मानिस कुनै न कुनै दुःख (समस्या) ले गर्दा पीडित छन्, यसो हुनुमा काम सम्वन्धी तृष्णा, भव (यसो-त्यसो हुने चाहना) तृष्णा र विभव (कार्य-कारण नियमलाई वेवास्ता गरी एक पक्षीय ढंगले व्यवहार गर्ने स्वभाव) तृष्णा हुन् । दुःखवाट मुक्त हुन तृष्णालाइं समुल नष्ट गर्नु आवश्यक छ । तृष्णाको मूल सहित नष्ट गर्नका लागि दृष्टिलाई सम्यक वनाइ वचन, कर्म, संकल्प, जीविका, अभ्यास, स्मृति र समाधिलाई पनि सम्यक वनाउनु पर्दछ । उपरोक्त आठ पक्षको समुचित अभ्यास गरी दुःखवाट मुक्त हुन सकिन्छ ।

वुद्ध धर्मका मूलभूत कुरा संग्रह गर्ने क्रममा यस पुस्तिकामा दुइ प्रकारका सत्य, कर्म र पारमीलाइं पनि समावेश गरिएका छन् । साधारण रुपमा भनिने सत्य र वास्तविक ज्ञानको अवस्थामा पुग्दा, विशेषज्ञतालेयुक्त भै ठम्याउने सत्यका वीच हुने भिन्नता वुझाउन सूत्रपिटक-विनयपिटकहरुलाइं सम्मुति (वा सम्मान) सत्य अन्तर्गत र अभिधर्म पिटकलाइ परमत्थ सत्य अन्तर्गत राखिएको छ । वास्तवमा भन्नुपर्दा सत्य के हो भन्ने प्रश्नको समाधान सरल छैन । यस्तै सरल तरिकावाट समाधान हुन नसकिने विपय काम र कर्म पनि हो । साधारण भापामा भन्ने हो भने व्यावहारिक क्रिया मार्फत् व्यक्त भएकोलाई कर्म भन्न सकिन्छ । वुद्ध धर्म अनुसार कुनै क्रिया चेतना सहित भएको छ भने मात्र त्यसलाई कर्मको रुपमा सकार गरिन्छ । यसलाई वुझाउन 'चेतना'हं भिक्खवे कम्मं वदामि, अर्थात् 'भिक्षुहरु ! चेतनालाई नै म कर्म भन्दछु' भन्नु भएकोवाट वुझ्न सकिन्छ । पुस्तिकामा कुशल कर्म र अकुशल कर्मका सामान्य भेद मात्र दिइएको छ । अर्को महत्वपूर्ण विषय पारमी वा पारमिता हो । 'परमो अविपरित नाम अत्थो परमत्थो' अर्थात् विपरित भएर नजाने शंज्ञाको अर्थमा परमत्थ हो । जुनकुनै उत्पन्न भएको छ, त्यो समयक्रममा विपरित वा विनाश वा परिवर्तन हुँदै जाने स्वभावको हुनेछ । परमत्थले अविनाशी स्वभाव वुझाउँदछ । उत्पन्न भएर विलाउनु सांसारिक स्वभाव हो भने सांसारिक स्वभाव भन्दा माथिल्लो अवस्था अविनाशी स्वभाव हो । सांसारिक (लौकिक) भन्दा माथि लोकुत्तर अवस्थामा पुग्नका लागि पारमी (पारमिता) ले आधारको काम गरेको हुनेछ । सो अवस्थामा पुग्नका लागि 'दान, शील, नैष्क्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री, उपेक्षा' पारमिता धर्महरु पूर्ण गर्नुपर्ने हुन्छ । यसमा पनि सामान्य पारमिता, उप-पारमिता र परमत्थ पारमिताका तीन पक्षहरु हुन्छन् ।

सव्रम्हचारी मित्र भिक्षु सुजनकीर्तिले परिश्रमपूर्वक संकलन गरी पुस्तिकाकार रुप दिएको यसले जिज्ञाशु पाठकको ज्ञानको भोक अझ जगाइदिनेछ । भविष्यमा उहाँवाट अरु गहकीला प्रयास हुनेछ भनी आशा गर्दछुं । वुद्ध धर्मलाई संक्षिप्तमा 'खराव काम कुनै पनि नगर्नु, असल काम गर्नु, आफ्नो मनलाई मलिन हुनवाट जोगाउनु' यतिवाट पनि वुझ्न सकिन्छ । विस्तृतमा वुझ्न चाहनेहरुका लागि त्रिपिटक, अट्ठकथा, टिकाहरु छन् नै ।

भिक्षु सुशील

Downloaded from http://www.dhamma.digital

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| १. | त्रिरत्न बुद्धशासन | १ |
| २. | त्रिरत्न | १० |
| ३. | धर्म विनय | ११ |
| ४. | सत्य | १२ |
| ५. | त्रिपिटक र अत्यकथा | १३ |
| ६. | आर्य सत्य | १५ |
| ७. | दुःख सत्य | १७ |
| ८. | दुःख सत्य अभिधर्मानुसार | १८ |
| ९. | समुदय सत्य | १९ |
| १०. | निरोधसत्य | २० |
| ११. | मार्ग सत्य | २१ |
| १२. | पतिच्चसमुप्पाद | २२ |
| १३. | पतिच्चसमुपाद तीन वत्त | २४ |
| १४. | पतिच्चसमुपाद धर्म | २६ |
| १५. | कम्म (= कर्म) | २७ |


Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# त्रिरत्न बुद्धशासन

रत्न भन्नाले धेरैजसो हिरामोति मणि माणिक्यजस्ता धनसम्पत्तिलाई बुझिन्छ । तर बुद्धशासनमा रत्न भन्नाले हिरामोति मणि आदि नभई मनुष्य जगतलाई दुःखबाट मुक्त पारी उद्धार गर्ने अमूल्य रत्न भन्ने बुझिन्छ । त्यो रत्न त्रिरत्न हो । त्रिरत्न नै बुद्धधर्म हो । त्रिरत्नको गुणलाई राम्ररी बुझी दैनिक जीवनमा लागू गरी सफल जीवन विताउनु नै मानव जातिको अमूल्य रत्न हो ।

**त्रिरत्न भनेको ३ प्रकारका रत्न हुन् ।**

१. **बुद्धरत्न** - चार आर्यसत्यलाई यथार्थ रुपले बुझी सक्नुभएका ।

२. **धर्मरत्न** - बुद्धले दिनुभएको अमूल्य उपदेशहरु ।

३. **संघरत्न** - बुद्ध उपदेशमा सतुष्ट भई आचरण गर्नुहुनेहरु ।

१. बुद्ध : बुद्धधर्मको संस्थापक तथा यस संसारलाई राम्ररी बुझी बोध भइसक्नुभएका उहाँ हुनुहुन्छ । बुद्ध दुई प्रकारका छन् :

**(क) सम्बुद्ध अथवा सब्बञ्जु बुद्ध**

दशबलञाण सहित बोधिज्ञान प्राप्त गर्नुभई सर्वसत्वलाई अमूल्य उपदेश दिई जानुभएका बुद्ध तथा तीन प्रकारका दुष्कर पारमितालाई पूरा गर्नुभएका उहाँ बुद्ध हुनुहुन्छ । ती पारमिताहरु हुन् :



Downloaded from http://www.dhamma.digital

(अ) पञ्ञाधिक (प्रज्ञामा श्रेष्ठ)

उहाँले बोधिज्ञानको प्रार्थना र अधिस्थान मनद्वारा ७ लाख असंख्य कल्प, वचनद्वारा ९ लाख असंख्य कल्प र ४ लाख असंख्य कल्पसम्म भविष्यवाणी गरिसक्नुभएका उहाँ बुद्ध हुनुहुन्छ ।

(आ) सद्धाधिक (श्रद्धाले श्रेष्ठ)

श्रद्धाले उहाँ बोधिज्ञानको प्रार्थना र अधिस्थान मनद्वारा १७ लाख असंख्य कल्प वचनद्वारा १८ असंख्य कल्प, ८ लाख असंख्य कल्पसम्म भविष्यवाणी गरिसक्नु भएका उहाँ बुद्ध हुनुहुन्छ ।

(इ) विरियाधिक (वीर्यवानले श्रेष्ठ)

उहाँ बोधिज्ञानको प्रार्थना र अधिस्थान मनद्वारा २८ असंख्य कल्प, वचनद्वारा ३६ असंख्य कल्प र १६ लाख असंख्य कल्पसम्म भविष्यवाणी पश्चात् बुद्ध हुनुभएका उहाँ हुनुहुन्छ ।

ख) पच्चेकबुद्ध

सम्यक सम्बुद्धले झैं बोधिज्ञान प्राप्त गर्नुभई बुद्ध हुनु भएका तर कसैलाई नसिकाई आफूमात्र यो चार आर्यसत्यलाई बुझी निर्वाण भई जानुहुने बुद्धलाई पच्चेकबुद्ध भनिन्छ ।

पच्चेकबुद्ध हुनुहुनेले २ लाख असंख्य कल्पसम्म विभिन्न पारमीलाई पूर्ण गरेपछि मात्र बुद्ध हुनु हुनेछ ।



२. धर्म (Dharma) The teaching of the Buddhas, law of Natural

धर्म वा धम्म भनेको प्राकृतिक नियम हो । प्राकृतिक नियम भन्नाले स्वभाव धर्म अनित्य दुःख र अनात्मा हो । सबै वस्तु परिवर्तन भईरहने नै प्राकृतिक स्वभाव हो । प्राकृतिक नियम नै सत्यधर्म हो । त्यही सत्यधर्मलाई सम्बोधिज्ञान पनि भनिन्छ । भगवान् बुद्धले प्राप्त गर्नु भएको सम्बोधिज्ञानलाई उहाँले मनुष्य जाति र देवतालाई दिनुभएको अमूल्य उपदेशको स्वरुप नै बुद्धधर्म हो । भगवान् बुद्धले ४५ वर्षसम्म अतुत रुपमा मानव उद्धारको लागि दिनुभएको उपदेश जम्मा गर्ने हो भने ८४,००० धर्मस्कण्ध छन् ।

उक्त ८४,००० धर्मस्कण्धलाई ३ भागमा विभाजन गरी अध्ययन अध्यापन गर्ने गरिन्छ ।

१. परियत्ति
२. पतिपत्ति
३. पतिवेध

### १. परियत्ति

परियत्ति भनेको त्रिपिटक अध्ययन कार्य भनी वुझिन्छ ।

त्रिपिटक नै बुद्धधर्मको मूल सार र पवित्र ग्रन्थ हो । यो भगवान बुद्धले ४५ वर्षसम्म विभिन्न ठाउँ तथा मानिसलाई दिनु भएको



Downloaded from http://www.dhamma.digital

उपदेशहरु सहित उहाँका केही श्रावकहरुको उपदेशहरुको संकलन हो । त्रिपिटकको अध्ययन ३ भागमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ ।

(क) विनयपिटक (Vinaya Pitaka)

विनयपिटक भनेको भिक्षु, भिक्षुणी तथा उपासक उपासिकाहरुको लागि आवश्यक विनय वा नियमको ग्रन्थ हो । यो ग्रन्थमा २१,००० धर्मस्कन्ध संकलित छन् र ५ भागमा बाँडी अध्ययन कार्य गर्ने गरिन्छ । त्यो आदिकम्मिका, पाचित्तिय, महावर्ग, चुलवर्ग र परिवार हो । छोटकरीमा आ.पा.म.चु.प. हो ।

(ख) सूत्रपिटक (Sutta Pitaka)

भगवान बुद्धले गाउँघर, नगर, राज्य र कुनै व्यक्तिमाथि दिनुभएको अमूल्य उपदेशको संकलनलाई नै सूत्रपिटक भनिन्छ । यो ग्रन्थमा २१,००० धर्मस्कन्ध संकलित छन् र ५ भागमा बाँडी अध्ययन गर्ने गरिन्छ ।

१. दीघ निकाय, २. मज्झिम निकाय, ३. अंगुत्तर निकाय, ४. संयुक्त निकाय, ५. खुद्दक निकाय (यो खुद्दक निकायमा अरु १५ वटा महत्वपूर्ण ग्रन्थहरु संकलित छन् । ती मध्येमा धम्मपद र जातककथा ख्याति प्राप्त छन् ।)



(ग) अभिधर्मपिटक (Abhidharma)

अभिधर्मपिटक अत्यन्त महत्वपूर्ण ग्रन्थ हो । भगवान् बुद्धले दिनुभएको उपदेशमध्येमा यो ग्रन्थमा मुख्य सार संकलित छन् । अभिधर्मलाई बौद्ध दर्शन (Buddhist Philosopy) पनि भन्ने गरिन्छ । यो ग्रन्थमा ४२,००० धर्मस्कन्ध संकलित भई ७ भागमा विभाजन गरी अध्ययन गरिन्छ । १. धर्मसङ्गणि, २. विभङ्ग, ३. धातुकथा, ४. पुग्गल पञ्ञति, ५. कथावत्थु, ६. यमक, ७. पट्ठान

## २. पतिपत्ति

परियत्ति धर्मको राम्रो अध्ययनपश्चात् बुझी सफल जीवनको लागि कुशल कर्म गर्नु नै पतिपत्ति हो । कुनै पनि क्रियाकलापलाई पतिपत्ति भनिन्छ । परियत्ति अध्ययनपश्चात् बुद्धपरिषदले गर्ने कुशल कार्यलाई नै पतिपत्ति भनिन्छ । पतिपत्तिलाई ३ प्रकारले विभाजन गरिन्छ । क. शील, ख. समाधि, ग. प्रज्ञा ।

क. शील (Sila) Precepts, Morality : शील भन्नाले राम्रो बानीबेहोरा हो । समाजको असल सदस्य बनाउनका लागि आवश्यक विनय वा नियमलाई नै शील भन्ने गरिन्छ । आजभोलि शील बुद्धधर्म अनुसार ४ प्रकारको छ । १. पञ्चशील (गृहस्थहरुको लागि अति आवश्यक विनय), २. अष्टशील, ३. दशशील, ४. भिक्षुशील (पातिमोक्ख) । (भिक्षुणी संघ



Downloaded from http://www.dhamma.digital

थेरवाद बुद्धशासनमा अन्त भइसकेको हुँदा महिलाहरु अष्टशील लिई वा दशशील लिई बुद्धशासनमा गृहत्यागी भई वस्ने गरिन्छ । जस्तै थाइलैण्डमा अष्टशील लिई वस्ने गर्दछ भने नेपालमा दशशील लिएर वस्ने गरिन्छ ।

२. समाधि (Samadhi) Meditation : हाम्रो यो चञ्चल मनलाई च्यापी एउटै चीज वा एक आरम्मणमा राखी सम्पूर्ण क्लेशबाट मुक्त भई जाने कार्यलाई समाधि भनिन्छ । समाधिलाई ध्यान भनेर पनि चिन्ने गरिन्छ । यसरी चित्तलाई एकत्रित गर्ने ध्यानलाई समथ भावना भनी बुझिन्छ । समथ भावनाको मुख्य उद्देश्य नै चित्त शुद्धि पार्नु हो ।

३. प्रज्ञा वा पञ्ञा (Pannya) Wisdom : चार आर्य सत्यधर्मलाई बुझ्ने र यो संसारिक दुःखलाई काट्ने एककिसिमको विशेष तरवारलाई प्रज्ञा भनिन्छ । प्रज्ञाको उत्पत्ति नै अविद्या रुपि अन्धकारको अन्त हो भने विद्या रुपि प्रकाशको ज्योति उत्पत्ति हुनु हो । प्रज्ञाले ज्ञानको आलोक देखाउनेछ । चार आर्यसत्यलाई छर्लङ्ग देख्नेछ । पञ्ञा भनेको प्रज्ञा र प्रज्ञा नै ज्ञान रुपि ज्वाला हो । अविद्या रुपि अन्धकारलाई चिन्न गर्ने तप वा ध्यानलाई विपस्सना भन्ने गरिन्छ । विपस्सना भावना भनेको सत्य धर्म र चार आर्यसत्यलाई वुझ्न गरिने भावना हो । विपस्सना भावना नै संसारिक दुःखबाट मुक्त हुने वाटो हो भनी बुद्धधर्मले वताउँदछ ।



३. पतिवेध

हामीले गरेको कुशल कर्म वा पतिपत्ति पालन गरेको फल नै पतिवेध हो । जस्तै समथ ध्यान गर्दा वा पञ्चनीवरणलाई दमन गर्दा प्राप्त हुने फल झान र अभिञ्ञा हो र विपस्सना ध्यानभावना गर्दा चित्त शुद्धिबाट पाउने फल मार्गफल र निब्बाण हो । विपस्सना गर्दा पञ्चस्कन्धलाई अनित्य दुक्ख अनात्म आदि देख्नेछ र यो संसारवाट सदाको लागि विदा माग्दछ निर्वाण हुनेछ । त्यसकारण परियत्ति, पतिपत्ति र पतिवेध भनेको बुद्धधर्मको अमूल्य सार धर्म हो ।

३. संघ (Sangha) Buddhist Community of at least (four) monks.

बुद्धधर्मको अर्को अमूल्य रत्न हो संघरत्न । संघ भन्नाले बुद्धको उपदेशअनुसार कुल धर्मको आचरण पालन गरी सरल र सुलभ जीवन व्यतित गर्नुहुने त्यागी (गृहत्यागी) श्रमण वा भिक्षुको समूहलाई बुझिन्छ । यो सांसारिक दुःखबाट सर्वसत्वलाई मुक्त पार्न बुद्धका अमूल्य उपदेश बोकेर जनता (उपासक-उपासिका) समक्ष पुऱ्याउने हुलाकी उहाँहरु हुनुहुन्छ । संघलाई दुई प्रकारले बाँड्न सकिन्छ । ती हुन् : क. अरिय (आर्यसंघ), ख. सम्मति ।



Downloaded from http://www.dhamma.digital

**क) अरिय (आर्य संघ) Saintly Person**

अरिय वा आर्य संघ भन्नाले समथभावना गरी पञ्चनीवरणबाट मुक्त र विपस्सना भावना गरी यो हाम्रो पञ्चस्कन्धलाई अनित्य दुःख र अनात्मलाई सम्झी चार आर्यसत्यलाई बुझी चार प्रकारका ज्ञान दर्शन विशुद्धि प्राप्त गर्नुहुनेलाई आर्य पुग्गल वा आर्यसंघ भन्ने बुझिन्छ। ज्ञान दर्शन विशुद्धि भनेको शील विशुद्धि आदि ६ वटा विशुद्धिबाट उत्पन्न हुने सोतापन्न सकृदागामी, अनागामी र अर्हतफल भन्ने बुझिन्छ । जस्तै बुद्धको समयमा भिक्षु हुनेहरुमध्येमा ८०% भिक्षु अर्हत्व प्राप्त थिए भने बुद्ध परिनिर्वाण पश्चात्का भिक्षु आनन्द आदि भन्ने बुझिन्छ।

**ख. सम्मुति संघ (Sammati Sangha)**

भगवान् बुद्धको उपदेशअनुसार कुशल कार्य र सत्यमार्गमा गई उच्चतम फल स्रोतापत्ति आदि प्राप्त गरी दुःखबाट मुक्त हुने अथवा निर्वाणको बाटो तिर लाग्ने पुग्गललाई सम्मति संघ भन्ने बुझिन्छ।

यो सम्मति संघमा बुद्धधर्म प्रचारक भिक्षु श्रामणेर मात्र नभई उपासक उपासिक पनि यो सम्मति संघमा पर्दछ । अथवा चार बुद्धपरिषद् भिक्षु भिक्षुणी उपासक, उपासिकलाई नै सम्मति संघ भन्ने गर्दछ। (थेरवाद बुद्धशासनअनुसार भिक्षुणी संघ आजभन्दा २००० वर्ष पहिले नै अन्त भइसकेको हुँदा भिक्षुणीको ठाउँमा अष्टशील लिई बस्ने महिला (थाइलैण्डमा) दशशील लिई बस्ने महिला (श्रीलंका र वर्मामा) लाई भन्ने बुझिन्छ।



यो सम्मति संघले बुद्धधर्मको अध्ययन दुई प्रकारवाट गर्ने गरिन्छ।

१. विपस्सना धुर २. ग्रन्थ धुर


१. विपस्सना धुर : ध्यान भावना गरी अनित्य दुःख अनात्मालाई वुझ्नेतिर लाग्ने कामलाई विपस्सना धुर भनिन्छ। यो पञ्चस्कण्धलाई अनित्य दुःख अनात्मा भनी वुझ्नेलाई विपस्सक भनी भनिन्छ। बुद्धशासनको अनुसार उच्चतम फल वा दुःखवाट मुक्त हुने वाटो नै विपस्सना ध्यान भावना हो (एकायनो मग्गो)।

२. ग्रन्थ धुर : त्रिपिटकलाई राम्ररी अध्ययन गरी सम्झी वुझी दैनिक जीवनमा प्रयोगमा ल्याउने कामलाई ग्रन्थ धुर भनिन्छ । ग्रन्थ धुर भन्नाले त्रिपिटकलाई जान्ने वुझ्ने अरुलाई कुशल धर्म सिकाउनेलाई भनिन्छ। आजभोलि धेरैजसो विपस्सना धुरमाभन्दा ग्रन्थ धुरमा वढी बुद्धशासनको अध्ययन गर्ने गरिन्छ।

त्यसकारण बुद्धशासनको मूल रुप नै त्रिरत्न वा बुद्ध, धर्म र संघ हो। त्रिरत्नको शरण जानु नै सुन्दर जीवनको सुरुवात गर्नु हो। त्रिरत्नलाई राम्ररी अध्ययन गरी वुझी यो सांसारिक दुःखबाट मुक्त हुने कुशल मार्गमा लाग्नुस् र जीवनको सान्धर्विक सत्य र अटल सुखलाई प्राप्त गर्नुस्।



Downloaded from http://www.dhamma.digital









Downloaded from http://www.dhamma.digital


# सत्य




"यो वो आनन्द मया धम्मो च विनयो च
देसितो पञ्ञत्तो, सो वो ममच्चयेन सत्था"
"आनन्द ! मेरो परिनिर्वाण पश्चात धर्म र विनय नै
बुद्ध धर्मको सास्ता हुनेछ ।"

- सुत्रपिटक, दीघनिकाय, महावर्ग,
परिनिर्वाण सुत्र








Downloaded from http://www.dhamma.digital

- बुद्ध धर्म
  - बुद्ध
    - सम्यक सम्बुद्ध
    - पच्चेक बुद्ध
  - संघ
    - आर्यसंघ
    - सम्मुतिसंघ
  - धर्म
    - आर्यसत्य
    - पतिच्च समुप्पाद
    - सामान्य लक्षण
  - त्रिपिटक
    - विनयपिटक
    - सुत्रपिटक
    - अभिधर्म पिटक
    - } त्रिशिक्षा

- बुद्धोवाद
  - अकुशलकर्म
    - कायदुचरित - ३
    - वची दुचरित - ४
    - मनो दुचरित - ३
  - कुशल कर्म
    - दान
    - शील
    - भावना/ध्यान
    - } लोकिय कुशल
  - चित्त शुद्धि — विपस्सना — लोकुत्तर कुशल
  - } शील समाधी प्रज्ञा

सब्ब पापस्स अकरणं - कुसलस्स उपसम्पदा
सचित्त परियोदपनं - एतं बुद्धान सासनं ॥

- दीघ निकाय, महावर्ग १०/५७, धम्मपद, बुद्ध वर्ग ५



# आर्य सत्य

## उत्पत्ति


| | | | |
|---|---|---|---|
| १. | दुःखसत्य | = | उपदाय पञ्चखण्ड |
| | किच (कर्म) | = | परिज्ञाकिच (जान्नु पर्ने धर्म) |
| २. | समुदय सत्य | = | दुःखको कारण अविद्या, तण्हा, उपादान |
| | किच (कर्म) | = | भावनाकिच (नासगर्नुपर्ने धर्म) |

## विरोध

| | | | |
|---|---|---|---|
| ३. | नरोधसत्य | = | दुःखको अन्त्य निव्वान |
| | किच (कर्म) | = | सच्छिकिरिया किच पूर्णरुपमा वुझ्नुपर्ने) |
| ४. | मार्गसत्य | = | दुःख अन्त्यको वाटो |
| | (आर्यमार्ग | = | आठमार्ग) |
| | किच (कर्म) | = | पहानकिच (पूर्ण रुपमा विकास गर्दै जानुपर्ने) |




Downloaded from http://www.dhamma.digital






# दुःखसत्य






Downloaded from http://www.dhamma.digital

## दुःखसत्य अभिधर्मानुसार

### १६० प्रकारका छन्

- १. चित्त ८१
  - अकुशलचित्त १२
  - अहेतुकचित्त १८
  - कामावचरसोमन चित्त २४
  - महग्गतचित २७
- २. चेतसिक ५१
  - अञ्ञसमान चेतसिक १३
  - अकुशलचेतसिक १४
  - सोभन चेतसिक २४ (पञ्चिन्द्रिय बाहेक)
- ३. रुप २८
  - महाभूतरुप ४
  - उपादाय रुप २४



## समुदय सत्य

दुःखको कारण तिन प्रकारका छन् ।

१. अविद्या (मोह) = सभाव धर्मलाई यथार्थ नवुभ्नु
२. तण्हा (लोभ) = आरम्मणमा सन्तुष्ट हुनु
३. उपादान (लोभ) = ममत्वभावमा भूल्नु

अविज्जा (अविधा) = ८ प्रकारका धर्मलाई नवुझ्नु

१. आर्यसत्य ४
२. खण्ड, आयतन र धातु (वर्तमान)
३. खण्ड, आयतन र धातु (अतित)
४. खण्ड, आयतन र धातु (भविष्य)
५. पतिच्चसमुप्पाद

तण्हा ३ प्रकारका छन्

१. काम तण्हा = ५ प्रकारका कामगुणमा भुल्नु
२. भव तण्हा = भवहरुमा सन्तुष्ट (रुपभव / अरुपभव) (लोक नित्य सम्भनु) (सस्सत दिट्ठि)
३. विभव तण्हा = लोक अनित्य सम्भनु (उच्छेददिट्ठि)

उपादान ४ प्रकारका छन्

१. कामुपादान = ५ प्रकारका कामगुणलाई ममत्व थान्नु
२. दित्थुपादान = मिथ्यादृष्टिमा तथस्तक हुनु
३. शीलव्वतुपादान = मिथ्या प्रतिपदालाई पालन गर्नु
४. अत्तवादुपादान = आफुमा घमण्ड हुनु ।



Downloaded from http://www.dhamma.digital

# ३. निरोधसत्य

## दुःख अन्त्य नै सत्य = निर्वाण

क. एक प्रकारको निर्वाण

- सभावको रुपमा क्लेश र पञ्चखण्डबाट अलग्ग हुनु = सन्तिलक्खण

ख. दुई प्रकारको निर्वाण

१. सउपादिसेस निर्वाण = क्लेश मुक्ति तर पञ्चखण्ड बाकि


२. अनुपादिसेस निर्वाण = क्लेश र पञ्चखण्ड दुवैको अन्त्य

ग. तीन प्रकारको निर्वाण

१. अनिमित्त निर्वाण = विपस्सना ध्यान वृद्धिबाट बुझ्ने रुप र नामलाई अनिश्चय छ भनी बुझि मार्गफल प्राप्त गर्नु

२. अप्पणिहित निर्वाण = विपस्सना ध्यान वृद्धि गर्नु रुप र नामलाई दुःख हो भनी यथार्थ रुपमा बुझि मार्गफल प्राप्त गर्नु


३. सुञ्ञत निर्वाण = विपस्सना ध्यान भावना वृद्धि गर्नु रुप र नामलाई अनात्मा छ भनी बुझ्नु ३ मार्गफलमा प्रवेश गर्नु ।






# मार्गसत्य

## दुःख अन्त्यको बाटो







Downloaded from http://www.dhamma.digital

# पतिच्चसमुप्पाद

१२ भवचक्र र २ मूल




**सत्वहरू चार प्रकारले जन्मन्छ ।**

१) जलावुज - गर्भासयमा जन्म

२) अण्डज - अण्डामा जन्म

३) संसेदज - ओसिलो ठाउँमा जन्म

४) ओप्पपातिक - आकासमा जन्म र एकैचोटि ठूलो हुने






पतिच्चसमुप्पादको नामहरु*

१) धम्मथिति

२) धम्मनियामता / धम्मनियाम

३) इदप्पच्चयता

४) तथता

५) अवितथता

६) अनञ्ञथता


७) पच्चयाकार


* संयुत्तनिकाय, निदानवर्ग १६ / २० २५ - २६ र फ्रा प.अ. पयुत्तो बुद्धधर्म पेज १७



Downloaded from http://www.dhamma.digital

# पतिच्चसमुप्पाद तीन वत्त




= एक आपसमा हेतु र पच्चय हुन्छन् ।



# पतिच्चसमुप्पाद

## २० प्रकारको आकारमा

| काल | पतिच्चसमुप्पाद | |
|---|---|---|
| अतित (बितेको) | १. अविज्जा<br>२. संखार | कर्मभव अतित<br>५ हेतुबाट उत्पन्न हुन्छ<br>(१,२,८,९,१०) |
| पच्चुपन्न (अहिलेको) (वर्तमान) | ३. विञ्ञाण<br>४. नामरुप<br>५. सलायतन<br>६. फस्स<br>७. वेदना | उत्पन्न हुने भव (उत्पत्ति भव)<br>पच्चुपन्नमा पाउने ५ प्रकारका फल (३-७) |
| | ८. तण्हा<br>९. उपदान<br>१०. भव | कम्म (कर्म) भव<br>पच्चुपन्न ५ प्रकारका हेतुबाट उत्पन्न गर्ने<br>(८,९,१०,१,२) |
| अनागत (पछिको) | ११. जाति<br>१२. जरा-मरण | उत्पत्तिभव<br>५ प्रकारका भविष्यमा हुनेफल<br>(३-७) |

भविष्य

### दुई भव


१. कम्म (कर्म) भव
- पुञ्ञाभिसंखार
- अनुपुञ्ञाभिसंखार
- आनेञ्ञाभिसंखार

२. उत्पत्ति भव
- काम भव
- रुप भव
- अरुप भव



Downloaded from http://www.dhamma.digital

## पतिच्चसमुप्पाद धर्म**




चार आर्यसत्यसँग तुलना गर्ने हो भने
- हेतुलाई समुदय सत्य किनकी दुःखको मूल कारण र फल नै दुःख हो ।
- कहिलेकाही हेतुलाई कम्म भव र फललाई उप्पत्ति (उत्पत्ति) भव भनी भनिन्छ ।

* सोक, परिदेव, दुःख, दोमनस्स, उपायास, मनपर्नेसँग छुट्नु, मन नपर्नेसँग बस्नु, मनपर्ने नपाउनु

** फ्रा धम्मपिटक (प.अ. पयुत्तो), बुद्धधर्म (ठूलो) पेज १०६ ।



# कम्म (= कर्म)


| पाप = अकुशल (१० दुचरित) | | पुण्य = कुशल १० पुण्यक्रिया | | |
|---|---|---|---|---|
| १. हिंसा<br>२. चोर्नु<br>३. व्यभिचार गर्नु | = कायदुचरित ३ | १. दानमय<br>२. पत्तिदानमय<br>३. पत्तानुमोदन | = दानकुशल | १० दित्थिजुकर्म |
| ४. असत्य बोलि<br>५. चुगली गर्नु<br>६. छाडा बोलि<br>७. बकवास गर्नु | = वची दुचरित ४ | ४. सीलमय<br>५. अपचायनमय<br>६. वेय्यावच्च | = शीलकुशल | |
| ८. लोभ गर्नु<br>९. द्वेष गर्नु<br>१०. मिथ्यादृष्टि | = मनो दुचरित ३ | ७. धम्मसवन<br>८. धम्मदेसना<br>९. भावनामय | = भावनाकुशल | |

९.१. समथ = ४० प्रकारका कम्मत्थान

९.२. विपस्सना = पञ्चखण्ड आरम्मण



Downloaded from http://www.dhamma.digital






| १० पारमी | बोधिसत्व भोग | बोधिसत्व क्रम |
|---|---|---|
| १. दान | विसन्तर | १. तेमिय |
| २. शील | भुरिदत्त | २. महाजनक |
| ३. नैष्कम्य | तेमिय | ३. सुवर्णसाम |
| ४. प्रज्ञा | महोसथ | ४. नेमिराज |
| ५. वीर्य (= उत्साह) | महाजनक | ५. महोसथ |
| ६. क्षान्ति (= सहनशीलता) | चन्द्रकुमार | ६. भुरिदत्त |
| ७. सत्य | विधुर पण्डित | ७. चन्द्रकुमार |
| ८. अधिष्ठान | नेमिराज | ८. नारद |
| ९. मैत्री | सुवर्णसाम | ९. विधुर पण्डित |
| १०. उपेक्षा (तथस्तभाव) | नारद | १०. विसन्तर |
| पारमीताको ३ तह | | |
| १. पारमी | २. उपपारमी | ३. परमत्थपारमी |



Downloaded from http://www.dhamma.digital